# बराहक्षेत्र सन्ध्या आरती सञ्चालन, व्यवस्थापन तथा नियमन निर्देशिका, २०८१

**बराहक्षेत्र नगरपालिका**

**नगर कार्यपालिका**

**चक्रघट्टी, सुनसरी,**

**कोशी प्रदेश, नेपाल**

# बराहक्षेत्र सन्ध्या आरती सञ्चालन, व्यवस्थापन तथा नियमन निर्देशिका, २०८१

स्वीकृत मितिः वि.सं. २०८१।०८।०९

प्रमाणीकरण मितिः वि.सं. २०८१।०८।१३

**प्रस्तावना :**

प्राचीन हरिद्धार चतराधाम स्थित कौशीकी गंगा (सप्तकोशी नदी) को किनारमा सन्ध्याकालीन आरती सञ्चालन गरी धार्मिक पर्यटकीय क्षेत्रको रुपमा थप आकर्षित गर्ने, पर्यटन, सामाजिक, आर्थिक रुपमा सशक्त, सभ्य र सुसंस्कृत समाजको निर्माण गर्ने, सनातन धर्मको संरक्षण तथा मानव विकासमा जुट्ने उद्देश्य लिई बराहक्षेत्र नगरपालिकामा वडा नं. १ स्थित चतराधाममा सन्ध्या आरती सञ्चालन, व्यवस्थापन र नियमन गर्न बान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बराहक्षेत्र नगरपालिकाले यो निर्देशिका बनाई जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "**बराहक्षेत्र सन्ध्या आरती सञ्चालन, व्यवस्थापन तथा नियमन निर्देशिका, २०८१**" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी प्रमाणीकरण भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा :-**

विषय वा प्रंसङ्गले अर्को अर्थ नलागेमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्दछ।

(ख) "निर्देशक समिति" भन्नाले दफा ४ बमोजिमको समिति सम्झनुपर्दछ।

(ग) "समिति" भन्नाले यसै विधानको दफा ५ बमोजिम गठित कार्य समितिलाई सम्झनु पर्दछ।

(घ) "स्थानीय तह" भन्नाले बराहक्षेत्र नगरपालिकालाई सम्झनु पर्नेछ।

(ङ) "प्रमुख" भन्नाले बराहक्षेत्र नगरपालिकाको नगर प्रमुखलाई जनाउँछ।

(च) "नगर उपप्रमुख" भन्नाले बराहक्षेत्र नगरपालिकाको नगर उपप्रमुखलाई जनाउँछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बराहक्षेत्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(ज) “आर्थिक बर्ष” भन्नाले यस संस्थाको हरेक बर्षको श्रावण १ गते देखि आषाढ मसान्त  सम्मलाई जनाउने छ ।

(झ) “निर्देशिका” भन्नाले बराहक्षेत्र सन्ध्या आरती सञ्चालन, व्यवस्थापन तथा नियमन निर्देशिका, २०८१ लाई सम्झनुपर्दछ ।

**३. उद्देश्यः**

सन्ध्याकालीन आरती संचालनको मुख्य उद्देश्य देहाय बमोजिमका हुनेछन्:-

(क) धार्मिक पर्यटनको प्रवर्द्धन गरी पर्यटकीय आकर्षण केन्दञ्को रुपमा बराहक्षेत्र नगरपालिकालाई चिनाउने ।

(ख) सन्ध्याकालीन आरतीलाई दिर्घकालसम्म सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(घ) बराहक्षेत्र नगरपालिकाको पर्यटन, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण तथा प्रवर्द्धन गर्न सहयोग गर्ने ।

(ङ) पर्यटक बृद्धि गरी नगरपालिकाको आर्थिक समृद्धि गर्ने, बराहक्षेत्र नगरपालिका र अन्य स्थानमा भएका धार्मिक स्थलहरुको कनेक्टिभिटीमा जोड दिने ।

(च) सनातन धर्म संस्कृतिको जागरण तथा संरक्षण गर्ने आदि ।

**४. निर्देशक समितिः**

(१) नगर प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको निर्देशक समिति गठन गरिनेछ ।

(क) नगर प्रमुख  – संयोजक

(ख) नगर उपप्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) आर्थिक विकास समिति संयोजक – सदस्य

(ङ) बराहक्षेत्र नगरपालिका १ नं. वडा अध्यक्ष – सदस्य

(च) कार्यपालिका सदस्य दुई महिला सदस्य सहित ३ जना – सदस्य

(छ) आर्थिक विकास शाखा प्रमुख – सदस्य सचिव

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) आरती व्यवस्थापन तथा सञ्चालनको लागि समितिसँग आवश्यक समन्वय, सहजीकरण र निर्देशन गर्ने,

(ख) आरतीको दिगोपनाको लागि नीति, योजना तथा कार्यक्रम तर्जुमा गरि कार्यन्यन गर्ने ।

(ग) आरती व्यवस्थापन तथा संचालन कार्य समितिमा रहने पदाधिकारीहरुको मनोनयन गर्ने ।

**५. आरती व्यवस्थापन तथा संचालन कार्य समितिः**

(१) सन्ध्याकालीन आरतीको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको कार्य समिति गठन गरिनेछ ।

(क) बराहक्षेत्र नगरपालिका वडा नं. १ वडा अध्यक्ष – अध्यक्ष

(ख) बराहक्षेत्र नगरपालिका वडा नं. २ देखि ११ का सम्पूर्ण वडा अध्यक्ष – सदस्य

(ग) कार्यपालिका महिला सदस्य ३ जना – सदस्य

(घ) उद्योग वाणिज्य संघ बराहक्षेत्र र चतरा प्रतिनिधि २ जना – सदस्य

(ङ) धार्मिक क्षेत्र, समाजसेवी, बुद्धिजीवी, राजनीतिक दल, सेवा निवृत्त शिक्षक, कर्मचारी मध्येवाट, संघ, संस्थाहरु मध्येबाट ३ जना – सदस्य

(च) प्रथम जगत गुरु पिठ प्रतिनिधि – सदस्य

(छ) श्री राधाकृष्ण संस्कृत वेद विद्याश्रम माध्यमिक विद्यालयको प्रधानाध्यापक. – सदस्य

(२) श्री राधाकृष्ण संस्कृत वेद विद्याश्रम माध्यमिक विद्यालयका प्रधानाध्यापकले समितिको सदस्य सचिव भई काम गर्नु पर्नेछ ।

(३) कार्य समितिमा रहने पद कुनै कारण रिक्त भएमा वा पदाधिकारीले आफ्नो कर्तव्य वहन नगरेमा त्यस्तो पदाधिकारीलाई निष्काशन गरी अर्को व्यक्तिलाई निर्देशक समितिले मनोनयन गर्नेछ ।

**६. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) नियमित रुपमा (हप्ताको २ दिन) सन्ध्याकालीन आरतीको सञ्चालन र व्यवस्थापन गर्ने ।

(ख) आम्दानी र खर्चको नियमित अभिलेख राख्ने,

(ग) स्वीकृत कार्यक्रम तथा वजेट कार्यान्वयन गर्ने,

(घ) वार्षिक लेखा परिक्षण गराई सो को प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्ने,

(ङ) आम्दानीको स्रोतहरुको पहिचान गरी आरतीको संस्थागत क्षमता वढाउने,

(च) आगन्तुक/पर्यटकहरुको स्वागत तथा पाहुनाको आवास व्यवस्था मिलाउने,

(छ) सन्ध्याकालीन आरतीको प्रचार प्रसार गर्ने,

(ज) स्थानीय वातावरण, परम्परा, शैली तथा संस्कृतिको संरक्षण गर्ने,

(झ) सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन/व्यवस्थापन गर्ने,

(ञ) पर्यटकहरुलाई बराहक्षेत्रका धार्मिक तथा ऐतिहासिक स्थलको बारेमा जानकारी गराउने ,

(ट) सन्ध्याकालीन आरतीको लागि सहयोग गर्न चाहने दाताहरुको खोजि, सहजिकरण तथा अभिलेख व्यवस्थापन गर्ने, आरती सञ्चालनको लागि चाहिने लागतको आधारमा भक्तजनबाट रकम उठाउन आवश्यक मापदण्ड, कार्यविधि बनाउने ।

(ठ) निर्देशक समितिले दिएको निर्देशनको कार्यन्वयन गर्ने,

(ड) सन्ध्याकालीन आरतीको सञ्चालन र व्यवस्थापनको लागि आवश्यकता अनुसार सम्पूर्ण कार्य गर्ने ।

**७. कार्य समितिको बैठक संचालनः**

समितिको वैठकको प्रक्रिया देहाय वमोजिमको हुनेछ ।

(१) कार्य समितिको वैठक एक वर्षको कम्तिमा ६ पटक वस्नेछ । तर दुई वैठक वीचको अवधि ६० दिन भन्दा वढी हुने छैन ।

(२) कार्य समितिको वैठकमा संचालकहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा वैठक संचालनको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) कार्य समितिको वैठकमा वहुमतको निर्णय मान्य हुनेछ र मत वरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

(४) कार्य समितिको वैठकमा उपस्थित संचालकहरु, छलफल भएको विषय र तत्सम्वन्धमा भएको निर्णयको विवरण छुट्टै किताव (माइन्यूट वुक) मा लेखी अध्यक्षद्वारा प्रमाणित गराई सुरक्षापूर्वक राखिनेछ ।

(५) कार्य समितिको वैठकको अध्यक्षता अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा सदस्यहरु मध्येवाट ज्येष्ठ सदस्यले गर्नेछ ।

(६) बैठक बस्नु २४ घण्टा अगाडी सवै पदाधिकारीलाई बैठकको प्रस्ताव सहित लिखित वा मौखिक रुपमा जानकारी गराउनु पर्नेछ ।

**८. कोष सम्वन्धि व्यवस्था :**

(१) आरतीको सञ्चालन तथा व्यवस्थापनको लागि छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहनेछन् :

(क) स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारबाट प्राप्त अनुदान

(ख) भक्तजनबाट स्वेच्छाले प्राप्त रकम ।

(ग) विविध आम्दानी ।

(२) विदेशी संघसंस्थाबाट अनुदान रकम लिने भए संस्थाले नेपाल सरकार को पूर्व स्वीकृति लिनुपर्नेछ ।

**९. खाता संचालन :**

आरती व्यवस्थापन तथा संचालन कार्य समितिको अध्यक्ष, कार्यपालिका महिला सदस्य र श्री राधाकृष्ण संस्कृत वेद विद्याश्रम माध्यमिक विद्यालयका प्रधानाध्यापकको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ ।

**१०. लेखा र लेखापरीक्षण सम्वन्धि व्यवस्था :-**

(१) समितिको आय र व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) लेखापरीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखापरीक्षकबाट आ.व. समाप्त भएको मितिले ३ ( तीन) महिना भित्र हुनेछ ।

(३) नगरपालिकाले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाव किताव जाँच्न वा जँचाउन सक्नेछ ।

(४) लेखापरीक्षकको नियुक्तिको लागि निर्णय कार्य समितिले गर्नेछ ।

**११. मासिक र वार्षिक प्रतिवेदन** : (१) कार्यसमितिले मासिक प्रगति प्रतिवेदन हरेक महिनाको पहिलो हप्तासम्म नगरपालिका समक्ष बुझाउनुपर्नेछ ।

(२) वार्षिक आय व्यय सहितको लेखापरीक्षण प्रतिवेदन आ.व. समाप्त भएको मितिले ६ (छ) महिनाभित्र नगरपालिकामा पेश गर्नुपर्नेछ ।

**१२. व्याख्या गर्ने अधिकारः** यस कार्यविधिको व्यख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

**आज्ञाले**

**प्रमाणित गर्नेको:**

**दस्तखत :**

**नाम, थरः गणेश बहादुर कटुवाल**

**पदः प्रमुख प्रशासकीय अधिकृत**